# NYS राज्य विभाग - अनुमतिपत्र सेवा डिभिजन

## नङ विशिष्टता प्रयोगात्मक
## परीक्षा प्रक्रियाहरू

निम्न कुरा तपाईंलाईं पूरा गर्न भनिने परीक्षाका प्रक्रियाहरूको विवरण हो।

तपाईंलाई यस परीक्षाको प्रत्येक खण्डको लागि निर्देशनहरू र सोका लागि छुट्याइएको समय बारे सूचना दिइनेछ। गर्नको लागि निर्देशन नपाएसम्म कुनै पनि प्रक्रिया सुरु नगर्नुहोस्। परीक्षार्थीहरूको बीचमा बोल्न अनुमति छैन।

एउटा हातले पानीबाट गरिने नङको स्याहार र हल्का, सतही मालिस प्राप्त गर्नेछ; अर्को हातले सुख्खा स्याहार आधुनिक नङ प्रक्रियाहरू प्राप्त गर्नेछ। पानीबाट गरिने नङको स्याहारका लागि सुख्खा नङ स्याहार तथा आधुनिक प्रक्रियाहरूको लागि प्रयोग गर्ने हात छनोट गर्ने कार्य पूर्ण रूपमा तपाईंमा निर्भर छ। आवश्यक आधुनिक नङ प्रक्रियाहरूको सारांश यस प्रकार छ:

- सुख्खा स्याहार प्राप्त गरिरहेको हातका कुनै तीनवटा नङहरूमा पालिस लगाइनेछ:
    - पालिस लगाइएका दुईवटा नङहरूले सिल्क र फाइबरग्लासको आवरण प्राप्त गर्नेछन्
    - पालिस लगाइएको एउटा नङले एक्राइलिक (acrylic) ओभरले प्राप्त गर्नेछ
- सोही हातको बाँकी प्राकृतिक नङले नयाँ ढाँचामा एक्राइलिक प्राप्त गर्नेछ

***कृपया नोट गर्नुहोस्: सौन्दर्य वृद्धि सम्बन्धी कानून थता नियमहरू अनुसार यस परीक्षाको प्रत्येक पक्षमा उचित सरसफाई र कीटनाशक प्रक्रियाहरू पूरा गरेरदेखाउनु पर्दछ।***

---

### भाग I - टेबल सेट-अप (15 मिनेट)

सुरु गर्न निर्देशन दिएपछि, तपाईंलाई निम्न कुराहरू गर्न भनिनेछ:

**चरण 1** तपाईंको किटबाट पहिले नै मिसाएर राखिएको सतह सरसफाई गर्ने घोल र सम्बन्धित सामग्रीहरू हटाउन र आवश्यक प्रक्रियाहरू पूरा गरेर तपाईंलाई निर्दिष्ट गरिएको कार्य सतहको सरसफाई गर्न। ***यस समयमा तपाईंको कार्य स्टेशनमा नष्ट गरिने वस्तुहरूको लागि झोला संलग्न गर्न सुनिश्चित हुनुहोस्।***

**चरण 2** दूषित सामग्रीहरूलाई पछि भिजाउनका लागि आफ्नो कीटनाशक ट्रे/कन्टेनर सेटअप गर्न। ***यस समयमा रगतको सम्पर्क विकारका लागि तपाईंको कन्टेनरलाई सेट आउट गर्न पनि सुनिश्चित हुनुहोस्।***

**चरण 3** सुरक्षित र व्यवस्थित तरिकाले परीक्षाको भाग II मा आवश्यक सबै सामग्री र आपूर्तिहरू सेटअप गर्न। हात धुन पानी राख्ने कचौरामा पानी भर्न आफ्नो स्प्रे बोतलको पानी प्रयोग गर्न।

### भाग II – आधारभूत नङ स्याहार तथा थप प्रक्रियाहरूका लागि तयारी (20 मिनेट)

परीक्षकले तपाईंको टेबल सेटअप जाँच गरिसकेपछि तपाईंलाई अगाडि बढ्न भनेपछि, तपाईंले निम्न कुराहरू गर्नुपर्छ:

**चरण 1** तपाईंले आफ्नो हात र तपाईंको मोडलको हातको सरसफाई गर्नुपर्छ।

**चरण 2** बोर्ड वा फाइलको प्रयोग गरी पहिलो हातका सबै नङहरूलाई आकार दिनुपर्छ। (यो त्यो हात हो जसलाई भिजाइनेछ, क्युटिकल क्रिम वा तेल प्राप्त गर्नेछ, हल्का मालिस गरिनेछ र आधुनिक प्रक्रियाहरूको लागि प्रयोग गरिने छैन।)

**चरण 3** हात धुने पानी राख्ने कचौरामा हात भिजाउनका लागि पहिलो हातलाई राख्नुपर्छ र बोर्ड वा फाइलको प्रयोग गरी दोस्रो हातका सबै नङहरूलाई आकार दिनुपर्छ। यो नै त्यो हात हो जसलाई आधुनिक नङ प्रक्रिया प्रदर्शन गर्न प्रयोग गरिनेछ।

**चरण 4** पहिलो हातलाई कचौराबाट झिक्नुहोस् र सुख्खा बनाउनुपर्छ।

**चरण 5** पहिलो हातका नङ र क्युटिकलहरूमा क्युटिल क्रिम वा तेल लगाउनुपर्छ र 10-15 सेकेण्ड राख्नुपर्छ।

**चरण 6** क्युटिकल पुसरको प्रयोग गरी दुबै हातका क्युटिकलहरूलाई पछाडि धकेल्नुपर्छ। *कृपया नोट गर्नुहोस्: क्युटिकल काट्नका लागि अनुमति छैन।*

**चरण 7** लोशन, तेल वा क्रिम लगाउनुपर्छ र न्यूनतम दुईवटा फरक मालिस स्ट्रोकको प्रयोग गरी 1-2 मिनेटका लागि पानी म्यानिक्युर प्राप्त गरी पाखुरामा हल्का, सतही मालिस गर्नुपर्छ।

**चरण 8** लिन्ट रहित नङ वाइप वा पालिस हटाउने पदार्थ वा एन्टिसेप्टिकमा भिजाइएको कटन बड्स प्रयोग गरी नङ प्लेट र प्रत्येक औंलाको क्युटिकल क्षेत्रबाट पालिस हटाउनुपर्छ।

**चरण 9** दुबै हातका नङहरूमा नङ एन्टिसेप्टिक स्प्रे गर्नुपर्छ।

**चरण 10** चमकता ल्याउन पानी म्यानिक्युर प्राप्त गरेको हातका नङहरूलाई बफ गर्नुपर्दछ।

**चरण 11** चमकता हटाउन आधुनिक नङ प्रक्रिया प्राप्त गर्ने हातको नङहरूलाई बफ गर्ने/चिस्याउने गर्नुपर्छ।

## भाग III - टिपको प्रयोग र आकार दिने (25 मिनेट)

जाँचका लागि अब नचाहिने कुनै पनि सामग्रीहरूलाई तपाईंको किटमा राख्नुहोस् र भाग III र IV पूरा गर्नका लागि आवश्यक हुने सामग्री सेटअप गर्नुहोस्।

पानी म्यानिक्युर प्राप्त नगरेका हातका कुनै पनि तीनवटा नङहरूमा तपाईंले अब टिपहरू लगाउनुपर्नेछ। प्रत्येक नङले पछि ओभरले प्राप्त गर्नेछन्: 1 सिल्क लेप, 1 फाइबरग्लास लेप (एक्टिभेटर/एक्सिलेटर आवश्यक छ) र 1 एक्राइलिक ओभरले।

**चरण 1** तीनवटा टिपहरू चयन गरेर लगाउनुहोस्; यदि आवश्यक भएमा, लगाउनु पूर्व प्राकृतिक नङहरूको आकार अनुरूप बनाउन टिपहरूको आकारलाई परिवर्तन गर्न फाइलको प्रयोग गर्नुहोस्। *कृपया नोट गर्नुहोस्: फ्रेन्च टिपहरूका लागि अनुमति छैन।*

**चरण 2** टिपहरूलाई उचित रूपमा लगाएर इच्छाइएको लम्बाइमा काट्नुहोस्।

**चरण 3** टिपहरू प्राकृतिक नङ प्लेटमा पूर्ण रूपमा मिलाउनुहोस्। *कृपया नोट गर्नुहोस्: तरल पदार्थ ब्लेन्डिङ उत्पादनहरूका लागि अनुमति छैन।*

**चरण 4** अन्तिम आकारका लागि टिपहरू फाइल गर्नुहोस्।

## भाग IV - लेप लगाउने (30 मिनेट) - कूल दुईवटा नङहरूले फ्याब्रिक लेपहरू प्राप्त गर्नेछन्।

**चरण 1** सिल्क र फाइबरग्लास लेपहरूलाई आधारभूत आकारमा काट्नुहोस्।

**चरण 2** फाइबरग्लास लेपलाई पाखा लगाउनुहोस् र प्रक्रियाहरूको आवश्यकता अनुसार टिप गरिएको नङहरू मध्ये एउटामा सिल्क लगाउनुहोस्, ट्रिम गर्नुहोस् र टाँस्नुहोस्।

**चरण 3** प्रक्रियाहरूको आवश्यकता अनुसार एउटा नङमा फाइबरग्लास लेप लगाउनुहोस्, ट्रिम गर्नुहोस्, टाँस्नुहोस् र एक्टिभेटर प्रयोग गर्नुहोस्।

**चरण 4** सिल्क लेप प्राप्त गरेको नङमा जानुहोस्; लेप लगाइएका दुबै नङहरूलाई आकार दिनुहोस्।

**चरण 5** लेप लगाइएका नङहरूलाई बफ गर्नुहोस् र तेल लगाउनुहोस्।

## भाग V - एक्राइलिक प्रयोग (30 मिनेट)

जाँचका लागि अब नचाहिने कुनै पनि सामग्रीहरूलाई तपाईंको किटमा राख्नुहोस् र भाग V पूरा गर्नका लागि आवश्यक हुने सामग्री सेटअप गर्नुहोस्।

बाँकी रहेका टिप गरिएका नङले दुई रङको (फ्रेन्च) एक्राइलिक ओभरले प्राप्त गर्नेछ; बाँकी रहेको टिप नगरिएको नङले नयाँ ढाँचाको गाढा आकार प्राप्त गर्नेछ। गाढा आकारको नङ एक वा दुई रङको हुनसक्छ।

**चरण 1** तरल पदार्थ र पाउडर उत्पादनहरू तयार गर्नुहोस्।

**चरण 2** दुईवटा नङहरूको प्राकृतिक भागमा प्राइमर लगाउनुहोस्।

**चरण 3** आकृतिको प्रयोग प्राकृतिक नङलाई गाढा आकार दिनुहोस्।

**चरण 4** टिपसँगै नङमा दुई रङको एक्राइलिक ओभरले लगाउनुहोस्।

**चरण 5** आकृति हटाउनुहोस् र गाढा आकार दिइएको नङलाई आकार दिनुहोस्।

**चरण 6** एक्राइलिक ओभरले प्राप्त गरेको नङलाई आकार दिनुहोस्।

**चरण 7** दुईवटा एक्राइलिक नङहरूलाई बफ गर्नुहोस्/तेल लगाउनुहोस्।

**चरण 8** पालिस लगाउनका लागि कार्य क्षेत्र तयार गर्नुहोस्।

**चरण 9** पालिस लगाउनका लागि सबै नङहरूलाई तयार गर्नुहोस्।

## भाग VI - पालिस लगाउने र सफा गर्ने (15 मिनेट)

जाँचका लागि अब नचाहिने कुनै पनि सामग्रीहरूलाई तपाईंको किटमा राख्नुहोस् र भाग VI पूरा गर्नका लागि आवश्यक हुने सामग्री सेटअप गर्नुहोस्।

निम्नानुसार सबै दशवटा नङहरूमा पालिस लगाइनेछ:

**चरण 1** पारदर्शी आधार तह लगाउनुहोस्। *कृपया नोट गर्नुहोस्: रिज फिलरका लागि अनुमति छैन।*

**चरण 2** रातो पालिसको दुई तह लगाउनुहोस्।

**चरण 3** माथिल्लो तह लगाउनुहोस्।

**चरण 4** आवश्यक भएमा छाला वा क्युटिकल क्षेत्रमा लागेको पालिस मेटाउनुहोस्।

**चरण 5** तपाईंले पालिस लगाएर सकाएपछि आफ्नो कार्य क्षेत्र सफा गर्नुहोस् र सबै सामानहरूलाई पुन: प्याक गर्नुहोस्। अन्यथा निर्देशित गरिएमा, तपाईंका फोहोरलाई जाँच कक्षबाट बाहिर जाँदा तपाईंले फाल्न सक्नुहुनेछ।